वर्ष : १९, अंक : २९, काठमाडौं, २०८० मंसिर १ गते शुक्रबार, 17 November, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# आस्थाको महापर्व छठको तयारी

जनकपुरधाम । मधेशको प्राचीन मिथिला क्षेत्रको लोकपर्व मानिने छठका लागि वर्तालुले आज कात्तिक शुक्ल त्रितीयाका दिन 'अरबा-अर्बाइन' विधिसँगै तयारी थालेका हुन् ।

सामान्यतया कात्तिक शुक्ल चौथीका दिन 'नहाय-खाय' विधिबाट पर्व सुरु हुने भनिए पनि एक दिनपूर्व नै उसिनिएका धानको चामल, कोदो, माछा-मासु, मुसुरोसहितका धार्मिक अनुष्ठानका लागि अशुद्ध मानिएका खाद्यबस्तु खान छाडेर वर्तालुले छठको तयारी गर्ने चलन छ । मिथिलामा व्रतका लागि उसिनिएको धानको चामल र व्रत अनुष्ठानका लागि अशुद्ध मानिएका खाद्य वस्तु खान छाडेर सात्विक भोजन गरिने यो विधिलाई 'अरबा-अर्बाइन' भनिन्छ । यो व्रतका लागि पूर्वसङ्कल्प जस्तै विधि रहेको मानिन्छ । यो विधि कतिपयले चौथिकै दिन 'नहाय-खाय' विधिसँगै जोडेर गर्नेगरेका पनि पाइन्छ ।

यद्यपि व्रत विधानले कात्तिक शुक्ल तितृीयाकै दिन 'अरबा-अर्बाइन' गरिनु शास्त्रसम्मत रहेको मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का बासिन्दा पण्डित महेशकुमार झा बताउनुहुन्छ । आजदेखि 'अरबा-अर्बाइन' गरेका वर्तालुले भोलि



शुक्रबार अर्थात् चौथी तिथिमा 'नहाय-खाय' ( पवित्र स्नान गरेर शुद्ध खानेकुरा खाइने), पञ्चमी तिथिका दिन राति एक छाकमात्र अलिनो खानेकुरा खाएर 'खरना' विधि सम्पन्न गर्छन् । पर्वको मुख्य दिन षष्ठी तिथिमा निराहार व्रत बसेर साँझपख पवित्र जलाशयमा गई अस्ताउँदा सूर्यलाई अर्घ्य दिइन्छ । यो अर्घ्यलाई मैथिल परम्पराको बोलीचालीमा 'सझुका अरख' र 'सझिँया-घाट' पनि भनिन्छ । सप्तमीका दिन बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिएपछि यो पर्व समापन गरिने परम्परा छ । बिहानको यो अर्घ्यलाई 'भोरका अरख' भनिन्छ । यसरी यसपालिको छठ आउने सोमबार बिहान सम्पन्न गरिने छ ।

सामान्यतया हिन्दू परम्परामा पाञ्चायन (पञ्च देवता गणेश, विष्णु शिव, सूर्य र काली) पुज्दा उदाउँदा सूर्यको सम्झना गरेर उपासना गरिने परम्परा भए पनि छठमा भने अस्ताउँदा सूर्यलाई अग्र (पहिलो) अर्घ्य दिइन्छ ।

षष्ठी तिथिका दिन साँझ 'सझुका अरख' दिएसँगै सप्तमीका दिन बिहान 'भोरका अरख' दिउञ्जेल वर्तालुले सूर्यको महत्ता र 'छठी माई'को पुकारा गर्दै गीत गाएर यो पर्व मनाउने गरेका छन् । उपासकको इच्छित मागपूर्ति गर्ने भगवान् सूर्यको उपासनाले सन्तान सुख र रोगव्याधि नलाग्ने हिन्दू मैथिल जनविश्वास छ । यस पर्वमा भगवान सूर्यसँगै माताका रुपमा आराधना गरिने षष्ठी तिथिको महत्ता गाइने हुनाले पर्वको नाम नै 'छठ' भनिएको महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ । षष्ठी देवी भगवान सूर्यकी पत्नी मानिएकी हुँदा यो पर्वमा सूर्यसँगै षष्ठीको आराधना गरिएको मुक्तिको भनाइ छ ।

खासमा 'षष्ठी' तिथिकै स्मरण मैथिल जनजिब्रोले 'छठी' गर्न थालेकाले सूर्यकी पत्नी मानिने षष्ठीको आराधना सूर्यसँगै गरिएको मैथिल विद्वान बताउँछन् । मुख्यत सूर्यकै उपासना व्रतको अभिष्ठ भए पनि 'षष्ठी' ( छठी) को पुकारा गर्दा सूर्य चाँडै प्रसन्न हुने विश्वासले पर्वमा गाइने गीतमा छठी माईको प्रसङ्ग गाभिएको उपप्राध्यापक मुक्ति बताउनुहुन्छ ।

एक फरक प्रसङ्गमा दैत्यराज त्रिपुरासरले दुःख दिएर आहत् भएका देवताले शिव-पार्वतीसँग उसलाई मार्नसक्ने छोरा दिन प्रार्थना गरेपछि भगवान शिवको विर्यपात भएको र सो विर्य समुद्रमा परेर पानीमै विकास भएको शिशुलाई षष्ठी देवीले कात्तिक शुक्ल षष्ठी तिथिकै दिन स्याहार सम्भार गरेर शिव-पार्वतीलाई जिम्मा लगाएकी जनश्रुतिले सन्तानको कल्याण गर्ने देवीका रुपमासमेत यस पर्वमा छठी माईको महत्व गाइने गरिएको छ । पछि यिनै बालक स्वामी कार्तिकेयका नामले चिनिएका र उनैले त्रिपुरासुरको बध गरेका मार्कण्डेय पुराणमा उल्लेख रहेको मिथिला संस्कृति र परम्पराका ज्ञाता पूर्वप्रशासक जलेश्वर-४ का बासिन्दा कृष्णचन्द्र झा बताउनुहुन्छ ।

यसैगरी पर्वबारे द्वापरकालीन जनश्रुति पनि चर्चामा रहने गरेको छ । अघि द्वापरयुगमा भगवान श्रीकृष्णका छोरा साम्बलाई कुष्ठरोग हुँदा पिता श्रीकृष्णको प्रेरणाले सूर्यको उपासनाबाट रोग निको भएपछि यो व्रतको परम्परा सुरु भएको विश्वास गरिँदै आइएको महोत्तरीकै बर्दिबास-२ का बासिन्दा कर्मकाण्ड र मैथिल परम्पराका ज्ञाता पण्डित महेशकुमार झा बताउनुहुन्छ । पर्वमा श्रद्धा र निष्ठाको निकै ख्याल गरिन्छ । मध्य तराइका पर्सा, बारा, रौतहट, सर्लाही लगायतका जिल्लामा छठ पर्वका लागि आवश्यक पर्ने सामग्रीको किनमेल गर्न स्थानीय बासिन्दा व्यस्त भएका छन् ।

## भरदुतिया मनाइयो



जनकपुरधाम । मधेशमा 'भरदुतीया' पर्व मनाइएको छ । भाइटीका जस्तै मधेशमा भरदुतीया मनाउने परम्परा छ । यस पर्वमा भाइटीकाभन्दा केही विधि भने फरक रहेको छ । यस पर्वलाई भाइदुज, भरदुतीया, भ्रातृद्वितीया पनि भन्ने गरिन्छ ।

दिदीबहिनीले दाजुभाइको गलामा मखमली माला र निधारमा सप्तरङ्गी टीका लगाइदिएपछि दाजुभाइले दिदीबहिनीलाई नगद, कपडालगायत उपहार दिन्छन् । यस दिन दाजुभाइ दिदीबहिनीको घरमा भार (मिठो पकवानसहित सनेस) लिएर पुग्ने चलन छ । भरदुतीयामा दिदीबहिनीले घरआँगन लिपेर चोख्याउँछन् । आँगनमा पिर्का राखेर त्यसमाथि अरिपन ( माटो घोलेर बनाइने मैथिली चित्र) बनाएर सिन्दूरको थोपा लगाइन्छ ।

दिदीबहिनीले दाजुभाइको गोडा पानीले धोइदिन्छिन् र अरिपन दिएको पिर्कामा बसाउँछन् । त्यसपछि दाजुभाइको अञ्जुलीमा पानको पात, सुपारी, फलफूल राखिदिन्छन् । पानी चुहाउँदै परिक्रमा गर्छन्, जसलाई न्यौत (निमन्त्रण दिनु) भनिन्छ ।

त्यसपछि दिदीबहिनीले दाजुभाइको निधारमा सप्तरङ्गी टीका र माला लगाइदिएर दीर्घायुको कामना गर्छन् । दाजुभाइले पनि दिदीबहिनीलाई गच्छेअनुसार रुपैयाँ, गरगहना, लुगा सनेस (उपहार) दिने चलन छ । आजकै दिनदेखि छठ पर्वको आरम्भ भएको मानिन्छ ।

## नेपाल संवत्को अवसरमा उपराष्ट्रपतिद्वारा शुभकामना

काठमाडौं । उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपाल संवत्ले सम्पूर्ण नेपालीमा सहिष्णुता, मेलमिलाप, भाइचारा, मैत्रीभाव र आपसी सद्भाव बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ । नेपालको मौलिक नेपाल संवत् ११४४ प्रारम्भ भएको उपलक्ष्यमा शुभकामना दिँदै उहाँले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको छ । राष्ट्रिय विभूति शङ्खधर साख्वाद्वारा प्रवर्द्धन गरिएको नेपालको यो राष्ट्रिय संवत् चन्दमास गणना गरी तय गर्ने प्रचलन छ । कात्तिक शुक्लपक्ष प्रतिपदाबाट सुरु हुने यो संवत्को पहिलो दिन काठमाडौं उपत्यकामा नयाँ बही खाताको सुरुवात गर्ने परम्परा रहिआएको थियो । "शङ्खधरले काठमाडौं उपत्यकाका किसान तथा गरिब जनतालाई ऋण एवं दासत्वबाट मुक्त गराई स्वाभिमान र स्वतन्त्रतापूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्नुभएकामा उहाँप्रति उच्च सम्मान व्यक्त गर्दै हृदयदेखि नै स्मरण गर्न चाहन्छु", उपराष्ट्रपतिले शुभकामना सन्देशमा भन्नुभएको छ । उहाँले नेपाल र नेपाली समाजमा शान्ति स्थापना, नेपाली जनताको स्वतन्त्रता र स्वाभिमान बढाउन साख्वाले गर्नुभएको योगदानको प्रशंसा गर्नुभएको छ ।

## जाडो मौसममा नयाँ समयतालिकाअनुसार रेल सेवा सञ्चालन हुने

काठमाडौं । नेपाल रेल्वेले जाडो मौसममा नयाँ समयतालिका निर्धारण गरी रेल सेवा सञ्चालन गर्ने जनाएको छ । भारतको जयनगरबाट जनकपुरधामसम्म जनकपुरधामबाट बिजलपुरासम्म सञ्चालन भइरहेको नेपाल रेल सेवा आगामी मङ्सिर १ गतेदेखि हालको समयतालिकामा परिवर्तन गरी सञ्चालन गर्ने नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जनकुमार झाले जानकारी दिनुभयो । मङ्सिरदेखि चिसो बढ्ने र दिउँसोको समय छोटो हुने हुँदा यात्रुको सुविधालाई ध्यानमा राखी हालको समयतालिकामा परिवर्तन गरिएको उहाँको भनाइ छ । दैनिक आउजाउ गरी छपटक सञ्चालन भइरहेको रेल भङ्गाहा (बिजलपुरा)-जयनगर खण्डमा पूर्ववत दैनिक एक सेवा सञ्चालन हुनेछ ।

जनकपुरधाम-जयनगर खण्डमा दैनिक तीन सेवा सञ्चालन यथावत रहेको छ । महाप्रबन्धक झाले भन्नुभयो, "चिसो मौसमका कारण यात्रुको सुविधा र स्वास्थ्यलाई मध्यनजर गरी समय मात्र परिवर्तन गरिएको छ ।" परिवर्तन गरिएको नयाँ तालिकाअनुसार रेल सेवाको पहिलो ट्रिप रेल भङ्गहाबाट ( बिजलपुरा) बिहान ७:३० प्रस्थान र जयनगर ९:१५ पुग्ने र अन्तिम जयनगरबाट दिउँसो ४:१५ बाट चल्ने रेल साँझ ७:१५ बजे भङ्गहा आइपुगेर रात्रि विश्राम बस्ने नेपाल रेल्वे कम्पनी लिमिटेड केन्द्रीय कार्यालय जनकपुरधामले जनाएको छ ।

त्यस्तै जयनगरबाट बिहान १० बजे प्रस्थान गर्ने रेल जनकपुरधाम ११:१५ बजे पुग्ने र सोही रेल जनकपुरधामबाट बिहान ११:४५ बजे चल्ने रेल जयनगर दिउँसो १:१५ बजे पुग्ने जनाएको छ । यसैगरी फेरि जयनगरबाट दिउँसो १:४५ बाट चल्ने रेल जनकपुरधाम दिउँसो ३:१० बजे आइपुग्ने र सोही रेल पुनः जनकपुरधामबाट दिउँसो ३:१५ बजे सञ्चालन भई दिउँसो ४:४० बजे जयनगर पुग्ने नेपाल रेल्वे कम्पनी जनकपुरधामका कर्मचारी रञ्जितकुमार ठाकुरले जानकारी दिनुभयो ।

दिउँसो ४:४५ बजे जयनगरबाट बिजलपुराका लागि अन्तिम रेल सेवा सञ्चालन हुने उहाँले भन्नुभयो । यो रेल साँझ ७:१५ बजे भङ्गहा (विजपुरा) पुगेर रात्रि विश्राम बस्ने छ । यस रेल विस्तार परियोजनाको प्रथम चरणमा जयनगर-जनकपुर कुर्था ३५ किलोमिटर, दोस्रो चरणमा धनुषाको कुर्थाबाट महोत्तरीको विजलपुरा भङ्गाहासम्म १७ दशमलव पाँच किलोमिटर रेलको लिक तयार भएको छ । तेस्रो चरणमा विजलपुरा भङ्गाहाबाट बर्दिबाससम्म १८ किलोमिटर खण्डमा रेल सेवा सञ्चालनका लागि लिक निर्माण भइरहेको छ ।

विसं १९९४ मा जुद्धशम्शेरका पालामा सुरु भएको बिजलपुरा-जनकपुर-जयनगर ५२ किमी रेलमार्ग २०५८ सालमा बाढीले बिग्हीपुल (लोहारपट्टि, महोत्तरी) भत्काएपछि जनकपुर-जयनगर ३५ किलोमिटरमा सीमित भएको थियो । नेपालमा पहिलो रेल सेवा १९८४ सालमा चन्द्रशम्शेरको पालामा रक्सौल-अमलेखगञ्ज सुरु भएको थियो । अहिले सञ्चालन भइरहेको नेपाली रेल २०७७ असोज २ गते भारतीय रेल्वे कम्पनी कोंकर्ण कर्पोरेशनसँग रु ८४ करोड ६५ लाखमा दुई सेट 'डेमो ट्रेन' (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) खरिद गरी ल्याइएको थियो । सो रेलमा एक हजार दुई सयदेखि एक हजार तीन सय यात्रुले यात्रा गर्न सक्ने बताइएको छ ।

## मिडियालाई नियन्त्रण गर्न सरकार हौसिदै



जय प्रकाश आनन्द

नेपाल सरकारले सामाजिक संजाल 'टिकटक' लाई नेपालमा प्रसारण हुनबाट रोक्ने निर्णय गरेको समाचार आएको छ।

एक समय थियो, म संचार मंत्री थिए। विदेशबाट प्रसारण हुने "फेसन टिभी" च्यानल रोक्न सहकर्मी मंत्रीहरूबाट समेत निकै ठुलो दबाव आएको थियो। नेपाली समाजमा सदाचारको रक्षाका लागि यो आवश्यक रहेको तर्क दिईएको थियो। अर्को प्रसंगमा चीनको 'सिसिटिभी' र पाकिस्तानको 'पिटिभी' को प्रसारण नेपालका केबुल टिभीका सेवा प्रदायकबाट हुन न दिन पनि उत्तिकै ठुलो दबाव अनुभव गरेको याद आउँछ।

'एपी' एशोसिएट प्रेसले भारतको कश्मिरमा भारतीय सेनाद्वारा मारिएको बिद्रोहीहरूका बारेको समाचारमा 'किल्ड' शब्दको प्रयोग गरेको थियो। गोरखापत्रले 'भारतीय सेनाद्वारा हत्या' भनी समाचार छापिएको थियो। कुरो यहाँसम्म पुग्यो कि नेपालमा रहेका एपीका समाचारदाता विनय गुरूवाचार्यको प्रेस पास खारेज गर्ने र एपीको सब्सक्रिप्सन रासस, राष्ट्रिय समाचार समितिले रद्द गर्ने समेत कुरा आयो। कश्मिरको समाचार र नेपालका एक भद्र, अनुभवी एवं सम्मानित पत्रकार विनय गुरूवाचार्यका बीच कुनै सम्बन्ध थिएन र पनि कुरो आयो।

तेस बेला भारत कै हितचिन्तकहरूलाई सम्झाँउन कठिन भएको थियो। जवाहरलाल नेहरूले भनेका'"...सरकारले जान्नुपर्दछ कि स्वतन्त्र समाजमा खुला विचारहरूलाई कहिले पनि क्रूर कानूनद्वारा जाँच्न सकिँदैन। जति धेरै जुलुम गरिन्छ, विचारहरूको फैलावट त्यति नै ठूलो हुन्छ।" यस कुरोलाई म बताउन पनि सकिरहेको थिईन् तेस बेला। मंत्री, प्रधानमंत्रीहरूलाई धेरै दबावहरू आउने गर्दछ। कहिले समाजमा सदाचार बचाउने नाममा, कहिले मित्र राष्ट्रहरूसंगको प्रगाढ सम्बन्ध बचाउने नाममा। यसका बावजूद पनि सरकारले बिचारहरूको प्रवाहको रक्षा त गर्नै पर्दछ।

अहिलेको सरकारले टिकटक किन बन्द गर्ने बिचार बनायो होला? मलाई त ठिक लागेको छैन। कुरो त के हो भने संचारको क्षेत्रमा चाहे जुन सुकै सरकार होस्, वा जुन सुकै शासन व्यवस्थामा नै किन न होस्- मिडियालाई व्यवस्थित गर्नु पर्ने कर्ण प्रिय कुरा जसले गरे पनि बास्तवमा त्यो भनेकै मिडियालाई नियन्त्रण गर्नका लागि सरकारलाई हौस्याएकै ठहर्छ। यद्यपि, मलाई मन नपरेर के भो त ? आज धेरैलाई मन परेकै होला।

## सम्पादकीय

# मधेशका नेता इमान्दार हुनु आवश्यक

मधेश राज्यबाट सधैं भेदभावमा परी उत्पीडन सहँदै आएको र शदियौंपछि राज्य विरुद्ध विद्रोह गर्न सफल भएको थियो । मधेशमा राज्यले गरेको दोहन शोषणको समयावधि, शदियौं भेदभाव तथा वञ्चितीकरणको पीडा, राज्यद्वारा विदेशी सरहको दुर्व्यवहार आदि सबै पीडाको आँकलन गर्दा मधेशका नेतृत्वकर्ताहरु पूर्ण प्रतिबद्ध हुनुपर्ने अवस्थामा सबै सत्तामुखी भएकोले मधेशको अधिकारका कुरा अब सपना बनेको छ । शहीदको बलिदानलाई आफ्नो निजी स्वार्थ पूरा गर्ने काममा प्रयोग गरेको छ ।

सत्ताका लागि पार्टी फुटाएर अवसर खोज्ने, चुनाव जित्न जातिवादी नारा दिने, भ्रष्टाचारबाट कमाएको पैसा फ्याँकेर चुनाव जित्ने आदि सत्तामुखी राजनीतिका कारण मधेशलाई हरेक क्षेत्रबाट टुक्रा-टुक्रा गरेपनि कुनै पछुतो छैन । मानवीय तथा क्रान्तिकारी चरित्रको सट्टामा छल, प्रपञ्च, जाल, फरेब, धोका अनिवार्य योग्यता कायम भएको छ । कसरी जित्ने, सत्ता प्राप्त गर्ने र कसरी धनलाभ गर्ने यही प्रवृत्तिको परिधिभित्र मधेशका कथित क्रान्तिकारी पार्टी स्वेच्छाले गुलामी स्वीकार गरेका छन् । गुलामीको यो बन्धनमा जीवनको सुखद् अनुभूति रहेकोले यसबाट मुक्ति पाउनु मृत्युवरण गर्ने सरह नै हुने बुझेका छन् ।

मेची महाकालीको मधेश (समथर क्षेत्र) सम्पूर्ण क्षेत्र राज्यसत्ता विरुद्ध विद्रोह गरेर आफ्नो अटूट एकता प्रदर्शन गरेको थियो । मेची महाकालीसम्म फैलिएको मधेशले नेतृत्व पंक्तलाई विश्वास गरेर सबैको प्रतिष्ठा स्थापित गरेको थियो । यस हिसावले मधेशका सबै नेताले मधेशप्रति पूर्ण जिम्मेवार र बफादार हुनु पर्दथ्यो । तर नेतामा पाइने गुण नैतिकता, सच्चरित्रता, त्याग, इमान्दार र निष्पक्षता आदिको अभावमा विपरीत चरित्रका राजनीति अगुवाहरु "मधेश विद्रोह" को १५ वर्ष नबित्दै मधेशवादबाट जातिवादको राजनीतिमा सीमित भएको छ ।

मधेश अधिकारका कुरा अब सत्ता प्राप्त गर्ने अवसरको रुपमा उठ्ने गर्दछ । राज्यसत्ताले आफ्नो प्रतिष्ठा अवमूल्यन गऱ्यो भने उग्र क्रान्तिकारी स्वरमा आन्दोलन गर्ने, नाकाबन्दी गर्ने धमकी दिएर आफ्नो स्थान सुरक्षित गर्दछन् । कहिलेकाँही (अवसर नपाएको बेलामा) मधेशको आवाज उठाएर मधेशलाई चुप लागेर बस्न बाध्य पारेका अगुवाहरु आफ्नो स्वार्थ पूरा गर्ने संस्थागत प्रयासमा लिप्त भएका छन् ।

पार्टीभित्र नैतिक चरित्र, त्याग, इमान्दारी, अनुशासन, निष्पक्षता आदिको अभावमा भएमा त्यहाँ अराजकताले स्थान पाउँछ । मधेशका पार्टीहरु अहिले अराजक जमात नै पालेको छ । पार्टीलाई अराजक बनाउने नेतृत्ववर्गले हो । उनको स्वेच्छाचारिताले पार्टी प्रणालीको धज्जी उडाएको छ । पैसा दिने बाहिरका मानिसलाई समानुपातिक सिट बेचेर पार्टीका पूराना कार्यकर्ताको नेता बनाइदिने स्वेच्छाचारी नेताहरुको स्वार्थपूर्ण व्यवहारले मधेशका पार्टीहरु अराजक बनेको हो । पूराना कार्यकर्ताको पैसा नभएका कारण उनको ठूलो योगदानको कुनै महत्व नराख्ने चलनले पार्टीभित्र चाडकी, चाप्लुसी, गुलामी आदि जस्तो प्रवृत्तिलाई बढाएको छ । नेताहरु पनि यस्तै गुणीहरुमा रमाउने गर्दछ । आश्चर्य त तब लाग्छ जब पैसाको अभावमा यी भक्तहरुले पनि अवसर पाउँदैन । पार्टीभित्र विद्रोह गरेर पनि कहाँ जाने ? अर्को पार्टीमा पनि यही चलन रहेकोले विकल्पको अभावमा ज्यादती सहेर जहाँका त्यहाँ बसेका हुन्छन् ।

# मधेशमा पहिलेको बज्र देहात अहिलेको देहात, व्यवस्थित गाउँ बन्न अझै बाँकी छ !



**राकेशप्रसाद चौधरी**

असारदेखि भदौ महिनासम्म चल्ने झपसीमा जीवनयापन गर्न बैशाख-जेठको चर्को घाममा विभिन्न प्रकारका सागको अरकंचन, काउली, कटहल, करैला, मुलालगायतको तरकारीको सुखरी र कुम्हरौडी, अचार, अदौरी, तिलौरी सुकाएर राख्ने गरिन्थ्यो । एक हप्तादेखि महिनासम्म निरन्तर हुने बर्षालाई झपसी भन्ने चलन छ ।

अहिले पनि गाउँमा सबैभन्दा कष्ठकर समय नै असारदेखि भदौ महिनाको हो । हुनतः वातावरणीय प्रभाव, जलवायू परिवर्तनलगायतको समस्याले निरन्तर हप्तादेखि महिनासम्म बर्षा हुँदैन । दुई तीनदिनसम्म लगातार हुने बर्षाले विद्युत र इन्टरनेटको आपूर्ती बन्द हुँदा जनजीवन कष्टकर हुनेगर्छ । सहज रूपमा गाडामा पुग्न सकिने ठाउँलाई गाउँ भन्ने गरिन्थ्यो । गाडामा समेत सहज ढंगले पुग्न नसकिने, बजारभन्दा धेरै टाढा हुने, त्यहाँका मानिसको हालखबर थाहा पाउन नसकिने बस्तीलाई देहात भन्ने गरिन्थ्यो । चिठी पत्र पुग्न महिनौं लाग्दथ्यो । नदी पार गर्नुपर्ने, त्यहाँ पुग्न खेतको आलीमा हिड्नुपर्ने, गाउँकै स्रोतसाधनबाट जीवन धान्ने बस्तीलाई बज्र देहातले परिभारित गरिएको थियो ।

हुनतः २०१८ सालपछि गाउँ, आदर्श गाउँ र नगर भनेर बस्तीहरूलाई परिभारित गरिएको थियो । त्यति बेलाको गाउँदेखि नगरभित्र रहेको अविकसित बस्तीलाई बोलचालमा देहात र बज्र देहातको संज्ञा दिइन्थ्यो । यस्तो बस्तीको संख्या अत्याधिक थियो । तर कागजी रुपमा कहिल्यै देहात र बज्र देहातको चर्चा गरिएको थिएन । समय बदलिएसँगै पहिलाका केही देहात बस्ती अहिले गाउँमा परिणत भइसकेको छ । स्थानीय सेवाप्रति असन्तुष्ट रहेपनि विद्यालय र स्वास्थ्य चौकी छन् । सडकमा मोटरसाइकल र टेम्पु, रिक्सा चलाउन सकिने भएको छ । यी गाउँ बर्षात्को बेला देहातमै पुनः परिणत हुन्छ । महोत्तरी जिल्लाको महोत्तरी गाउँ अहिले गाउँपालिका छ । स्थानीय नवल कुमार यादवका अनुसार उनको मामा आउँदा अनैठा अझै देहात नै रहेकोमा दिक्क मान्छन् । बर्षा महिनामा हिलाम्य रहने सडक पार गरेर आउनुपर्ने बाध्यता अझै हटेको छैन । जिल्ला सदरमुकाम भनेर चिनिने जलेश्वरबाट सात किलोमिटर मात्र टाढा छ । जलेश्वर २०३९ सालमा नगरमा परिणत भएको थियो । यो ठाउँ अहिलेसम्म बजारभन्दा माथि उठेर शहर बन्न सकेको छैन । जलेश्वर बजारकै आसपासमा दर्जनौं गाउँलाई देहात भनेर सम्बोधन गरिन्छ । यी बस्तीमा पैदलमार्गकै सहारा लिनुपर्छ ।

सन् १८६४ मा महाराजाको पदवी पाइसकेका र सैनिकको कमान्ड सम्हालेका रणोदि्दप सिंह कुँवरले यज्ञनीधि पौडेललाई जलेश्वरमा सेनाका लागि रासन उपलब्ध हुने बजार(गोला) स्थापना गर्न खटाइएको विषय मार्च १९८५ मा प्रकाशित रेग्मी रिसर्च सिरिजमा समेटिएको छ । जलेश्वरमा सेनाका लागि रासन बाहिरबाट ल्याउनुपर्ने समस्या समाधान गर्न बजार(गोला) स्थापना गरिएको थियो । अझैसम्म मधेशमा रासन( धान, गहुँलगायतका खाधान्न) बिक्री हुने स्थानलाई गोला भन्ने चलन कायमै छ ।

पहिलाको गाउँ देहातमा रहेको सामाजिक सम्बन्ध अहिले केही परिवर्तन भइसकेका छन् । कसैको घरमा पाहुना आउँदा कुनै कमी भयो भने छिमेकीले सहयोग गर्थे, एकअर्काको पाहुनालाई बस्तीका सबैले चिन्दथे । कोही यात्रामा निस्केका अपरिचितलाई वास दिने चलन थियो । धान रोप्ने र काट्ने समयमा गाउँ देहातबाट हरेक समूदायका युवा पंजाब, हरियाणमा श्रम गर्न जान्थे । आफ्नो खेत नहुनेहरू त अनिवार्य नै जान्थे । उद्योग, कलकारखानामा काम गर्नेहरू दिल्ली, बम्बईलाई प्राथमिकता दिन्थे । गाउँ, देहातका सम्पन्न किसान तथा जमिनदारका छोराहरू पढ्न भारततर्फ लाग्थे ।

सम्पादक/संकलन परशु प्रधान र नारायण तिवारीले २०६७ सालमा प्रकाशन गरेको तराई मधेशको कथा पुस्तकमा ४२ जना कथाकारको कथा समेटिएको छ । कथामा समस्या, शोषण, उत्पीडन, पीडा, बिसङ्गति आदिलाई समेट्न सीमान्तकृत, निमुखा, पिछडिएका सेवार्ल्टन पात्रहरूलाई प्राथमिकता दिइएको छ । यस्ता पात्रहरू गाउँ देहातका थारु, माझी, राजवंशी, सतार, दनुवार, झाँगड, धिमाल, वाँतर, मुसहर, पासवान, डोम, चमार समूदायबाट प्रतिनिधित्व गराइएका छन् ।

अहिले मधेशको शहर, बजार, गाउँ, देहातबाट मलेसिया, कतार, दुबई, कुवेतलगायतको देशमा श्रम गर्न जानेको संख्यामा बढोत्तरी भएको छ । त्यही उमेर नपुगेका बालकहरू श्रम गर्न भारत जाने बाध्यता कायम छ । थोरै आर्थिक सम्पन्न भएकाहरूको छोराछोरी अहिले अमेरिका, अष्ट्रेलिया, क्यानाडासहितको देशका पढाईसँगै काम गर्न जाने क्रम बढ्दो छ । गाउँ देहातका सम्पन्न परिवारहरू पलायन भई शहर र बजारमा बस्न थालेका छन् । चुनाव लड्न इच्छा भए वा कोही आफन्त चुनावमा उम्मेदवारी दिए मात्र यस्ता ब्यक्तिहरू गाउँ देहातमा छिर्ने गर्छन् । आफ्नै गाउँमा छिर्ने यस्ता व्यक्तिबारे स्थानीय युवा र बालबालिकाको खासै चाँसो भने देखिँदैन ।

नेपाल श्रम आप्रवासन प्रतिवेदन सन् २०२२ अनुसार बैदेशिक रोजगारमा जाने सम्पूर्ण कामदारमध्ये ४० प्रतिशत तराईको १० जिल्लाका छन् । बैदेशिक रोजगारमा सर्वाधिक श्रमिक जाने जिल्लाहरूमा मधेश प्रदेशको धनुषा, सिरहा, महोत्तरी, सर्लाही, सप्तरी र रौतहट छन् । नेपालबाट अन्तराष्ट्रिय बजारमा जाने श्रमिकमध्ये चारमध्ये एक मधेश प्रदेशकै हुनेगर्छन् । भारतलगायत तेस्रोमुलुकमा पढ्न र रोजगारी गर्न जानेहरूको तथ्यांक उपलब्ध भए यस विषयमा थप विश्लेषण गर्न सकिन्छ । पहिलाको गाउँ देहातबाट भारतको पंजाब, हरियाणमा कृषि मजदुर भएर जाने अनैठाका रामदयाल खत्वेको छोरा, भजिताहरू अहिले कतार, मलेसिया पुगेका छन् । रामदयालजस्तै धेरै परिवारको उदाहरणसँग मेल खाने कथा मधेशको गाउँ देहातमा हजारौं छन् । फरक के मात्र छ भने गाउँ देहातबाट भारतमा अल्पकालका लागि श्रम गर्न जानेको संख्या भने घटेको छ ।

गाउँमा सम्पन्न किसान र जमिन्दारबाहेक भारतको पंजाब, हरियाणा कमाउने एक दुई ब्यक्तिको घरमा रेडियो हुने गर्दथ्यो । त्यो पनि कसैसँग बिक्री गरेर अर्को पटक त्यही पैसाबाट श्रम गर्न भारततर्फ लाग्नुपर्ने बाध्यता थियो । अल्पकालका लागि श्रम गरेर फर्केपछि गाउँ देहातमा लगातार रोजगारी नहुँदा जेनतेन ऋण काँढेर जीवनयापन गर्नुपर्ने बाध्यता दलित समूदायसँग थियो ।

गाउँमा पहिला फुस र खपराले छाएको घरको बाहुल्यता हुन्थ्यो भने अहिले गाउँ देहातमा ईटा,सिमेन्टको पक्की घरको संख्या अधिक छ । दलित र विपन्न समूदायको बस्तीमा छिर्दा फुस र खपराले छाएको घर अझैसम्म हेर्न सकिन्छ । यदी कुनै वस्तीमा ब्यबस्थित बाटो छैन भने त्यो बस्ती दलित र विपन्नको हो दाबी गर्ने पर्याप्त आधार पाइन्छ ।

गाउँ देहातमा अलिक चिल्ला वा नयाँ गाडी देखियो भने त्यो कुनै प्रशासक वा नेताको रहेकोबारे कुनै दुबिधा हुँदैन । निर्वाचनपछि गाउँ देहातका स्थानीय बिरामी पर्ने गरेको गुनाँसो समेत आउने गर्छन् । उम्मेदवारहरूले गर्ने प्रचार प्रसारको कारण गाउँ हिलाम्य हुन्छ अथवा घुलाम्य । देहातमा गाडी नै छिर्न नसकिने गल्लीमा जोडतोडका साथ प्रचारप्रसार हुनेगर्दछ ।

गाउँ देहातको भ्रमण गर्दा पहिला भन्दा केही फरक अनुभव हुने गर्छ । देहातमा सर्बत( पानी, चिनी, कागतीको झोल) पिलाउने परम्परा कायम रहेपनि गाउँमा विभिन्न ब्रान्डको सफ्ट ड्रिंकले लिइसकेको छ । खाजामा पराठा, आलुको भुजियाको ठाउँमा अहिले चाउचाउले लिएको छ । गाउँको सानोदेखि ठुलो पसलमा बोतलबंद मदिरा भेटिन्छ । कम्तिमा एउटा भएपनि ब्युटीपार्लर भेटिन्छ ।

पहिलेको समयमा आफू वा पाहुनालाई ताडी पिलाउने चलन थियो । अहिले गाउँमा तार र खजुरको बोट सखाप पार्ने क्रम जारी छ । खेतमा उत्पादित तोरी र आलसको तेल विस्थापित भई बजारमा छ्यापछ्याप्ती पाइने रिफाइन्ड तेलको प्रयोग अत्याधिक हुन थालेको छ । अर्थात् गाउँको खानपान परम्परा बदलिसकेको छ, त्यही देहातले पूराना परम्परालाई बचाएर राखेको छ । देहातबाट गाउँ बनेको बस्तीहरूमा सडक पुगेको छ, बजार अथवा शहरमा पाइने खानपानको अधिकांश सामान पाइन्छ, हाँटबजारमा स्थानीय तरकारीभन्दा बाहिरबाट ल्याएको उत्पादन सामान पाइन्छ । गाउँमा सडकसँगै विद्यालय, अस्पताल पनि संचालित छ । त्यहाँ शहर, बजारको जस्तो सेवा उपलब्ध हुँदैन । देहातको तुलनामा गाउँमा खेती गर्ने क्रम बिस्तारै हराउन थालेको छ । यहाँका अधिकांशले सामुहिक धाराबाट खानेपानी थाप्ने, नदी वा पोखरीमा नुहाउने, फोहर भाँडाकुडा धुने गरेको हेर्न सकिन्छ ।

थोरै सम्पन्न भएकाहरू व्यापार, ब्यबसाय र राजनीतिलाई प्राथमिकतामा राखेका छन् । ब्यबसायको एउटा रूप भौतिक पूर्वाधार निर्माणमा सरकारी रकम खर्च गर्ने उपभोक्ता समिति बनेको छ ।

तराई मधेशलाई एकसाथ लेखेजस्तै गाउँ देहात एकसाथ लेख्नु बाध्यता छ किनभने देहात गाउँकै अंग हो । नेपाली साहित्यमा मधेश, मधेशीबारे अध्ययन गरेकी विजेता चौधरी भन्छिन्,' विश्वेश्वरप्रसाद कोइरालाका जम्मा दुई वटा कथासंग्रह दोषि चश्मा र श्वेत भैरवीका कथासंग्रहका कथाहर पुस्तक, मधेसतिर, श्वेतभैरवी तथा सान्नानीमा मधेसको रमाइलो चर्चा छ । उनका विभिन्न ६ वटा उपन्यासहरु मध्ये नरेन्द्रदाई र मोदिआइन उपन्यासमा मधेसी संस्कारको परिचय पाइन्छ ।'

गाउँभन्दा दूरदराजमा पर्ने देहात अर्थात सीमान्त बस्ती जहाँ अधिकांश दलित र विपन्नको बाहुल्यता छ । त्यहाँ गाउँजस्तो सडक, हाटबजार, स्वास्थ्य र शिक्षाको पहुँच छैन । यस्ता बस्तीमा परम्परागत खाना, खेतीपाती, पशुपालन, जीवनयापनका विभिन्न सीपबारे अध्ययन गर्न सकिन्छ । थोरै तामझामको बीच विभिन्न जातजातिको कूलपुजा हेर्न सकिन्छ । एकअर्कालाई सहयोग गर्ने परम्परा कायम छ ।

गाउँमा पहिला पहिला कूलदेवता रिसाउने भन्नेहरू अहिले कुखुराको मासु र मदिरालाई दैनिकी बनाइसकेका छन् । ती ब्यक्तिहरू शहर, बजार पस्दा यहाँका युवाहरू लागूऔषधको लतमा बिग्रिए भन्नेहरू आफूपनि बिग्रिसकेको पत्तो नै पाएका छैनन् । शहर, बजार पसेकाहरू विभिन्न मेला, ग्रामदेवताको पुजा अथवा अन्य धार्मिक कियाकलापमा गाउँ पस्न पनि चाहँदैनन्, त्यही नेपालभन्दा बाहिर रहेकाहरू बर्षमा एकदिनको लागि भएपनि गाउँ आउन

*बाँकी पृष्ठ ४ मा*

# यो व्यवस्था नै खराब छ भन्नेतिर कोही जान खोजेका छन्, तर यो सत्य होइन

**० संविधान निर्माण प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको तथा मुलुकको राजनीतिक-सामाजिक परिवर्तनको आन्दोलनमा होमिनुभएका बौद्धिक नेताका हैसियतले यहाँले नेपालको संविधान र यसको कार्यान्वयनको पाटालाई कसरी हेर्नुभएको छ?**

– संविधानसभाबाट संविधान बनाउने कुरा धेरै ऐतिहासिक महत्त्वको विषय हो। जनताको सहभागिता र इच्छाले नै राज्य सञ्चालन हुनुपर्छ भन्ने मान्यता हो। जनता नै सार्वभौमसत्ता सम्पन्न बन्ने कुरा लोकतन्त्रको आधारभूत पक्ष हो। त्यसको व्यावहारिक कार्यान्वयन भनेको जनताले आफ्नो संविधान आफैं बनाउने हो। त्यसलाई नै इतिहासमा संविधानसभा भन्ने गरिएको हो। नेपालमा भने दुर्भाग्यवश २००७ सालदेखि यो प्रश्न उठे पनि पटकपटक छाडिँदै गयो र अन्ततः करिबकरिब विलयजस्तै भयो। त्यतिबेलाका नेताहरू विपी कोइराला, पुष्पलालगायतले पनि यसलाई कार्यान्वयन गर्न सक्नुभएन। मुख्यरूपमा २०४६ सालको आन्दोलनपछि त्यतिबेलाका नेपाली कांग्रेस, नेकपा (माले) र वाममोर्चा मुख्य शक्तिका रुपमा उदय भए । उनीहरूले पनि सो मुद्दालाई छाडिदिनुभयो। संयुक्त राष्ट्रिय जनआन्दोलन भन्ने वामपन्थीको पक्ष थियो। त्यतिबेला म त्यसको प्रवक्ता थिएँ। म पश्चिमा फ्रान्सेली क्रान्तिलगायतबाट पनि प्रभावित भएको र संविधानसभाबाट संविधान नबनेसम्म लोकतन्त्र पूरा हुँदैन भन्ने मान्यता आत्मसात् गरेकाले त्यस विषयलाई २०४६ सालदेखि नै पटकपटक उठाएका थियौँ। त्यसैलाई नै माओवादी जनयुद्धका रुपमा मुख्य माग बनायौँ। जनयुद्धको प्रतिफलस्वरूप नेपालमा संविधानसभाबाट संविधान बन्ने काम सम्पन्न भयो।

नेपालमा कोही मान्छे सातवटा संविधान बने भन्छन् तर खास गरी एउटै संविधान बनेको हो। त्यसभन्दा अगाडि राजा, महाराजाहरूले आफ्नो सुविधानुसार दबाब परेका बेला खुकुलो खालको र आफ्नो एकलौटी भएका बेला निरङ्कुश खालको संविधान जारी गरेका हुन्। उनीहरूले 'हामीमा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग गरी यो संविधान जारी गरेका छौं' भने तर संविधानसभाबाट निर्मित संविधानमा हामीले 'सार्वभौमसत्तासम्पन्न संविधानसभाबाट यो संविधान जारी गरेका छौं' भनेका छौं। नेपाली इतिहासका लागि यो अत्यन्त महत्वपूर्ण ऐतिहासिक घटना हो। त्यसैले पहिलो कुरा विधिको हिसाबले संविधानसभाबाट संविधान बन्ने विषयलाई कसैले पनि 'किन्तु परन्तु' गर्नै हुँदैन। जसले यसको महत्त्व नबुझेर संविधान भएन, फ्याकिदिऔं भन्न खोज्छन् तर संविधान संविधानसभाले नै बनाउनुपर्छ, अर्को कसैले आएर संविधान बनाउन सक्दैन। संविधान दिवसका सन्दर्भमा यो पाटो र यसको ऐतिहासिक महत्त्व सबैले बुझ्न जरुरी छ। संविधानसभाबाट नेपालमा पहिलो संविधान बनेको हुनाले प्रक्रियागत हिसाबले यो ऐतिहासिक घटना थियो। हामी सबै मिलेर संविधानको रक्षा गर्नुपर्छ। कुनै पनि बहानामा यसलाई कमजोर पार्न हुँदैन।

**० संविधान घोषणा भएलगत्तै गिलास आधा भरी, आधा खाली भन्नुभएको थियो। संविधानमा समेट्न नसकिएका विषय वस्तु के हुन् ?**

– जहाँसम्म संविधानको विषयवस्तुको कुरा छ, यो त समयानुकूल, समाजको चेतना, आर्थिक-सामाजिक विकासको स्तर र राजनीतिक शक्तिबीचको शक्ति सन्तुलनका आधारमा 'कन्टेन्ट' बन्ने हुन्छ। हाम्रा सन्दर्भमा राष्ट्रिय औद्योगिक पूँजीको विकास नभइसकेको, कृषिप्रधान अर्थतन्त्रको बाहुल्य रहेको, सामन्तवादी सोच एवं संस्कार हाबी रहेको तथा हाम्रा संस्थाहरू लामो लोकतान्त्रिक अभ्यासबाट नगुज्रेको, नेता र जनताको चेतना पनि नउठेका कारण संविधानको केही अपूर्णता त छन् तर पनि समकालीन विश्वमा 'कन्टेन्ट'का हिसाबले नेपालको संविधानमा उल्लेख भएको संघीय लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता धेरै महत्वपूर्ण छन्।

म आफैं यो संविधासभाका निम्ति निरन्तर लडेको र संवैधानिक समितिको सभापतिका रूपमा भूमिका निर्वाह गरे पनि यसका केही अपूर्णता छन्, जुन मैले संविधान जारी भएको दिनदेखि नै भनेको छु। यो संविधान आधा भरी, आधा खाली छ, मैले किन भनेको हो भने, भरी त भरिएकै हो। संविधानसभाबाट संविधान जारी गर्नु नै भरिनु हो।

संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानको सारवस्तु हुन पनि भरिएको नै हो। तर अपूर्ण चाहिँ कहाँनेर हो भने शासकीय स्वरूप मिश्रित प्रकृतिको बनायौं, त्यसले देशमा राजनीतिक स्थिरता दिन सकेन, त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद्को व्यवस्था हुनुपर्थ्यो।

यो ठूलो त्रुटि भयो भन्ने मेरो त्यो बेलादेखिको बुझाइ हो र दुई पटकको निर्वाचनपछि पनि त्यो कमजोरी देखिइरहेको छ। नेपाल जस्तो जातीय, क्षेत्रीय विविधतायुक्त मुलुकमा संघीयता अनिवार्य थियो, तर हामीले ठीक ढंगले संविधानसभाले तय गरेको 'पहिचानका पाँच र सामर्थ्यका चार आधार' अनुसार संविधान बनाउन नसक्दा 'खिचडी' खालको बनेको छ, त्यसले गर्दा संघीयता सोचेजस्तो आवश्यकतानुरूप हुन सकेन।

न्यायालयलगायत राज्यको निकायको पुनःसंरचना गरिनुपर्छ भन्ने हाम्रो मान्यता थियो। संवैधानिक आयोग, न्यायालय लगायतलाई पनि अझै बढी लोकतान्त्रिकीकरण गरेर लैजान सक्नुपर्थ्यो। त्यसमा पनि हामी अलिकति चुकेका छौं। संविधान दिवसका अवसरमा मूल्याङ्कन गर्दाखेरि इतिहासको यस सापेक्षतामा यसको सकारात्मक पक्षको रक्षा र अपूर्णता पूरा गर्ने ढंगले जानु नै उपयुक्त हुन्छ।

**० संविधानको मर्म र भावनानुसार आवश्यक ऐन कानुन बन्न नसक्दा राज्य सञ्चालन प्रक्रिया प्रभावित हुन पुगेको छ। व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था परिवर्तन हुन नसकेको भन्ने गुनासो आउन थालेको छ। यसलाई कसरी हेर्नु भएको छ ?**

– संविधानमा त्रुटि रहेको एउटा पाटो मैले भनिहालेँ। संविधान नै संशोधन गर्नुपर्छ। संविधानमा लेखिएका विषयलाई ठीक समयमा ठीक ढंगले कानुन बनाएर कार्यान्वयन नगर्नु अर्को पाटो बनेको छ। मौलिक अधिकारसम्बन्धी थुप्रै राम्रा विषय संविधानमा लेखिएको छ। तर 'कानुनमा व्यवस्था भएअनुसार गरिनेछ' भनेर राखिदिएपछि कानुन नै फितलो बन्यो भने कार्यान्वयन हुँदैन। कतिपय कानुन नबनेर पनि राम्रोसँग कार्यान्वयन हुन सकेको छैन। संघीयता कार्यान्वयनका सन्दर्भमा अहिलेसम्म पनि निजामती सेवासम्बन्धी ऐन नबन्नु र वित्तीय संघीयताका कतिपय विषय ठीक ढंगले कार्यान्वयन नहुनुले समस्या भएकै हो।

यो व्यवस्था नै खराब छ भन्नेतिर कोही जान खोजेका छन्, तर यो सत्य होइन। यसमा राजनीतिक नेतृत्वले क्रान्तिकारी उभारका बेला दूरदृष्टि देखाउन सकेको थियो, क्रान्तिपछि शिथिलता आउँछ, यो विज्ञानको नियम हो। क्रान्तिकारी नेतृत्व शिथिल हुनु आदि कारणले पनि त्यस्तो भयो। अर्को सम्झौताबाट संविधान बनायौं, पुरानै सत्तामा रहेको शक्ति र पछि उदय भएर आएको शक्तिका बीचमा सम्झौता हुँदा मध्यमार्गी बाटो लिइएको हो। यसले गर्दा पनि ठीक ढंगले कार्यान्वयन हुन नसकेको हो। त्यसकारण असन्तुष्टि आउनुलाई अन्यथा लिन हुँदैन।

**० तीन तहका सरकारबीचको कामकारबाहीमा एकरुपता, सम्बन्धमा हार्दिकता र एकापसमा तालमेल हुन नसकेको देखिन्छ। यसलाई कसरी सम्बोधन गर्न सकिन्छ ?**

– पहिलो त संघीयतासम्बन्धी बुझाइमा अझै प्रष्टता छैन। हिजो पनि दलहरूबीच नेपाल जस्तो सानो देशमा किन संघीयता चाहियो भन्ने बुझाइ थियो। सानो र ठूलाका आधारमा संघीयता हुने हैन, देशको जातीय, भाषिक र क्षेत्रीय बनोटका आधारमा विविधतायुक्त छ भने विविधतालाई सम्बोधन गर्न संघीयतामा जाने हो। यो विषय हामीले धेरैलाई बुझाउन सकेका छैनौं। पछिल्लो पुस्ता झन् गहिराइमा बुझ्न नसकेर संघीयता नै आवश्यक छैन भन्नेतिर जान खोजेको छ, त्यो सत्य होइन। स्विट्जरल्यान्ड, बेल्जियमजस्ता हामीभन्दा साना मुलुकमा संघीयता हुनु तर चीनजस्तो ठूलो देशमा संघीयता नहुनु भनेको, जातीय, क्षेत्रीय, भाषिक एकरूपता छ भने संघीयता चाहिँदैन, विकेन्द्रीकरण गरे हुन्छ। भाषिक र जातीय विविधता भएका मुलुकमा भने संघीयता चाहिन्छ।

पहिले विषय बुझ्नु जरुरी छ। विषयको अस्पष्टताले गर्दा नेतृत्वमा आउने व्यक्तिमा संघीयता कार्यान्वयनमा अनिच्छा देखिएको छ। बेलैमै कानुन नबन्नुलगायत कारणले कार्यान्वयनमा अस्पष्टता आएको हो। यसलाई हामीले छिटो हल गर्नुपर्छ।

**० संविधान जारी भएयता राजनीतिक स्थायित्व देखिँदैन, जनताको जीवनस्तर पनि त्यति सुधार भएको जस्तो देखिँदैन, आर्थिक गतिविधि सुस्त छ, यसमा संविधान वा शासनसत्ता सञ्चालन गर्ने व्यक्तित्व कसको दोष मान्नु हुन्छ ?**

– यसलाई 'सेतो र कालो'का रूपमा हेर्नु हुँदैन। समस्या अन्तरसम्बन्धित हुन्छन्। संविधानका केही त्रुटिलाई संशोधन गरेर सच्याउनुपर्छ। शासकीय स्वरूपलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा लैजाने, संघीयतालाई पहिचान र सामर्थ्यका आधारमा पुनः परिभाषित गर्ने तथा राज्यका कतिपय अंगलाई व्यवस्थित गर्ने गरी संविधानमै सुधार गर्नुपर्छ। संघीयतालाई राम्रोसँग आत्मसात् गर्ने राजनीतिक नेतृत्व नहुँदा पनि समस्या पैदा भएको छ।

हामीले सम्झौताबाट संविधान बनायौं, अगुवा शक्तिको नेतृत्व हुँदा ठीक ढंगले कार्यान्वयन हुन्छ र संस्थाहरू बन्छन्। जो यो संविधानमा जबर्जस्ती तानिएर आएका छन्, जसको संविधानको मूलभूत विषयवस्तुप्रति प्रतिबद्धता छैन, उनीहरू नेतृत्वमा हुँदा स्वतः नै ठीक ढंगले कार्यान्वयन हुँदैन।

राजनीतिक परिवर्तन र मूल ढोका खोल्ने मात्रै हो तर आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन भनेको चाहिँ अलि जटिल र दीर्घकालीन प्रकृतिको हुन्छ। त्यसलाई बेलैमा बुझेर राजनीतिक नेतृत्वले ठीक ढंगले योजना बनाउन र मुख्यतः आर्थिक पछौटेपनलाई अन्त्य गर्न सक्नुपर्छ, त्यसमा नेतृत्वको कमजोरी हो। अहिलेको विश्व अन्तरसम्बन्धित छ, हाम्रो आफ्नै देशले मात्रै एक्लै गर्छु भनेर हुँदैन, सुगौली सन्धियता नेपाल जसरी भारतवेष्टित रूपमा रहेको छ, खुला सिमाना, ऐतिहासिक ढंगले बनेको असमान सम्बन्धलाई नसच्याएसम्म नेपालभित्रको प्रक्रियाले मात्रै पनि हुँदैन। पछिल्लो चरणमा उदीयमान चीन र भारतका बीचमा हामी छौं, अहिलेको युगअनुसार वैदेशिक सम्बन्धलाई पनि सच्याएर लान सक्नुपर्छ। आर्थिक विकासको गतिमा देखिएको कमीका कारण जनतामा निराशा पैदा भएको हो। यसलाई दूरदर्शी नेतृत्वले बुझेर हल गर्नुपर्छ।

**० पछिल्ला दिनमा हिन्दू राज्यको विषयलाई उचालेर सदनदेखि सडकसम्म आवाज उठ्न थालेको छ। लामो समयदेखि जनताका पक्षमा लागेका राजनीतिक दलभन्दा पनि स्वतन्त्र भनिएका पक्षहरूको हल्ला धेरै सुनिन्छ। यसले के संकेत गरिरहेको छ ?**

– जनतामा असन्तुष्टि हुनु त स्वाभाविक मान्नुपर्छ। असन्तुष्टिले नै राम्रो काम गर्न अभिप्रेरित गर्छ तर अहिले त्यसका नाउँमा व्यवस्थालाई नै भत्काउने र पछि फर्काउने जुन कुरा गर्छन्, त्यो सत्य हुँदैन, उल्टो बाटो हिँडेर संसारमा कोही पनि अगाडि बढ्न सक्दैन।

जहाँ अवरोध छ, त्यसलाई पो हल गर्ने हो, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र त आधुनिक युगका लोकतन्त्रका आधारभूत मान्यता हुन् र नेपाली संविधानका महत्वपूर्ण चार खम्बा हुन्। यीमध्ये एउटा खम्बा भत्काइयो भने लोकतन्त्र नै रहँदैन। खासगरी राजतन्त्रवादी शक्तिले जनताको पिछडिएको चेतनाको दोहन गरेर हल्ला गरेका हुन्। 'सिधै राजा ल्याऊ' भन्दाखेरि त जनतामा 'पपुलर हुन' सकिँदैन, नेपाल बहुधार्मिक मुलुक हो, यहाँ हिन्दू, बौद्ध, मुस्लिम, किराँत, बोनलगायत थुप्रै धर्मावलम्बी छन्।

तीमध्ये हिन्दूको संख्या अलि बढी छ, त्यसैले उनीहरूले हिन्दूमा त्यस खालको भय सिर्जना गरेर यो संविधान भत्काउनका निम्ति धार्मिक मुद्दा उठाएका छन्। यसलाई बेलैमा बुझ्नुपर्छ। विश्वव्यापी रूपमा जहाँजहाँ पूँजीवादको संकट आइरहेको छ, त्यसलाई अग्रगामी ढंगले हल गर्नाको साटो जनताको पिछडिएको चेतनाको दोहन गरेर इतिहासलाई पछाडि फर्काउने प्रयत्नप्रति हामी बेलैमा सतर्क भएर अगाडि बढ्नुपर्छ। धर्म व्यक्तिको आस्थाको कुरा हो, यसलाई सम्मान गर्ने विषय रहन्छ तर धर्मको राजनीति गर्नेहरू प्रतिगामी सोच राख्ने शक्ति छन्, तिनलाई बेलैमा चिनेर निषेध गर्नुपर्छ।

**० विस्तृत शान्ति सम्झौतामार्फत नेपालमा १० वर्षे जनयुद्ध समाप्त भयो, तर अझै पनि शान्ति प्रक्रियाका कतिपय विषय अझै टुÊमा पुग्न सकेको छैन, यसमा यहाँको धारणा के छ ?**

– हामीले नेपालको क्रान्तिलाई सम्झौतामार्फत अगाडि बढाएका हौं। परम्परागत राजावादी शक्ति, बीचका संसदीय सुधारवादी लोकतन्त्रवादी शक्ति र अर्को क्रान्तिकारी प्रगति शील वामपन्थी शक्तिको द्वन्द्वका बीचमा नै हामीले १२ बुँदे र शान्ति सम्झौता जुन गर्‍यौं, त्यसअन्तर्गत राजतन्त्रको अन्त्य गरी संसदीय शक्ति र अग्रगामी क्रान्तिकारी शक्ति बीचको सम्झौताबाट संविधानको यो बाटो अपनायौं, यी दुई शक्तिका बीचमा तालमेल ठीक ढंगले नमिल्नु, नेतृत्वमा सत्ता लिप्सा देखापर्नु, क्रान्तिकारी आन्दोलनभित्र पनि स्खलन देखा पर्नु आदि कारणले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न ढिला भइरहेको छ।

यसलाई ढिलो गरिनु हुँदैन। खासगरी सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमार्फत त्यसलाई हल गर्ने भनेर हामीले मौलिक विधि शान्ति सम्झौतादेखि नै संविधानमा समेत व्यवस्था गरेका छौं। छिट्टै यसलाई हल गर्नुपर्छ। बाह्रबुँदे समझदारीपछि यताका मूलभूत शक्तिले नै यस संविधानलाई कार्यान्वयन गर्ने र शान्ति प्रक्रिया पूरा गर्ने मुख्य जिम्मेवारी लिनुपर्छ। नयाँ आउने पुस्ताको जुन नयाँ आकाङ्क्षा छ, पुराना कुरा त्यति बुझ्दैनन्, उनीहरूलाई पनि यसको महत्वबोध गराएर इतिहासलाई अगाडि बढाउनुपर्छ।



**डा.बाबुराम भट्टराई**
**पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष**

**० पछिल्लो समय युवा, विद्यार्थीको विदेश पलायन तीव्र भएको छ, यसले मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा कस्तो दूरगामी असर गर्छ ? यसलाई निराकरण गर्न के गर्नुपर्छ ?**

– केही समययता जसरी हाम्रो श्रमिक विदेश पलायन हुने चक्र चलेको थियो, त्यसमा केही वर्षयता उच्च शिक्षाका निम्ति युवा, विद्यार्थी विदेश पलायन हुने प्रवृत्ति बढेको छ। यसलाई वस्तुगत र आत्मगत पक्षबाट हेर्नुपर्छ। पूँजीवादी विकासको एउटा नियम के हुन्छ भने ठूलो चुम्बकले सानो चुम्बकलाई तान्छ।

पछिल्लो चरणमा जुन ढंगको पूँजीवादको विकासको केन्द्र एसियाको क्षेत्र बनिरहेको छ र नेपालका तुलनामा भारत, खाडी, मलेसियालगायत देश अगाडि बढ्नु आदिले गर्दा ती मुलुकमा श्रमको आवश्यकता बढी भएकाले तिनीहरूले हाम्रा श्रमिकलाई यहाँभन्दा बढी सुविधा दिन सक्ने कारणले आकर्षण बढाएर लगेका छन्। त्यसैगरी युरोप, अमेरिका सुरुदेखि नै स्वतः ज्ञानविज्ञानमा अगाडि छन्, हाम्रा युवालाई उच्च शिक्षाको आकाङ्क्षा बढाएर त्यता तान्नु वस्तुगत प्रक्रिया हो। यो निरन्तर भइराख्छ।

आत्मगत ढंगले हामीले आफैंले यहाँ आफूअनुकूल वातावरण र रोजगारी सिर्जना गर्न नसकेर, जीवनसँग जोडिएको गुणस्तरीय प्राविधिक शिक्षा दिन नसकेर हाम्रा श्रमिकलाई वैदेशिक रोजगारीमा जान बाध्य पार्ने र विद्यार्थीलाई गुणस्तरीय शिक्षाका निम्ति विदेश जान बाध्य पार्ने काम भइरहेको छ, यो गम्भीर छ। राजनीतिक नेतृत्वले आत्मसमीक्षा गरेर यसको उचित उपाय खोज्नुपर्छ।

बाहिरबाट तान्ने त स्वाभाविक हो। तर हामीले गर्न सक्ने भनेको चाहिँ साधनस्रोतको सदुपयोग गरेर उपयुक्त आर्थिक विकासको नीति अपनाउने र श्रम निर्यात गर्ने होइन, बाहिरबाटै पूँजी र प्रविधि आयात गरेर वस्तु र सेवा निर्माण गरी निर्यात गर्नेतर्फ जानुपर्छ। अहिले हामीले श्रम निर्यात र वस्तु आयात गरिरहेका छौं, यस्तो परनिर्भरताले देश कहिल्यै बन्दैन। त्यसकारण यो बाटो सच्याउनुपर्छ।

अर्को, हाम्रो शिक्षा अत्यन्त पुरातन खालको छ, जीवन र रोजगारीसँग जोडिन सकेको छैन। त्यसकारण युवाहरू बाहिर जान बाध्य छन्। शिक्षा क्षेत्रमा आमूल सुधार गर्ने, गुणस्तरीय शिक्षा प्रदान गरेर रोजगारीको वातावरण सिर्जना गर्ने दिशामा जानुपर्छ।

**० वर्तमान संविधानअनुसार दुईपटक निर्वाचन भइसक्दा पनि विकास निर्माणले गति लिन सकेको छैन, आर्थिक गतिविधि सुस्त छ, युवा पलायन बढ्दो छ। राज्यसँग साधन स्रोत कम भएका अवस्थामा देशलाई सहज ढंगबाट अगाडि बढाउन र युवालाई यही देशमा बस्ने वातावरण बनाउन के गर्नुपर्ला ?**

– गम्भीर विषय यही छ, यति ठूलो क्रान्तिकारी राजनीतिक परिवर्तनपछि देशमा स्थिर प्रकृतिको सरकार र दूरदृष्टियुक्त राजनीतिक नेतृत्वको आवश्यकता थियो। दुर्भाग्य के भयो भने शान्ति प्रक्रियापछि राजनीतिक स्थिरता ठीक ढंगले कार्यान्वयन गर्न सकेनौं, संक्रमणकाल लम्बिँदै गयो, राजनीतिक नेतृत्वले हिजो व्यवस्था परिवर्तनका लागि युद्ध लड्दा, आन्दोलन गर्दा जुन खालको दक्षता, जेलनेल, दुःख कष्ट गर्ने क्षमता देखाएको थियो, अब त यहाँको आर्थिक विकास, समृद्धि र सामाजिक आर्थिक रूपान्तरणको पछिल्लो ज्ञानविज्ञान र प्रविधिमा पोख्त भएको नेतृत्वको आवश्यकता थियो।

हाम्रो नेतृत्वले आफूलाई रूपान्तरण गर्न पनि सकेन, नयाँलाई अगाडि ल्याउने बाटो पनि खोलिदिएन। त्यसैले यस समस्याको मुख्य कारण नेतृत्वको संकट नै हो। हामीले छिटोभन्दा छिटो अहिलेको राजनीतिक नेतृत्वलाई त्यो बोध गराउनुपर्छ या यसलाई विस्थापित गरेर अहिलेको युग सुहाउँदो, देश र अन्तरराष्ट्रिय परिस्थितिलाई बुझ्ने, विज्ञान र प्रविधिलाई ठीक ढंगले बुझेको नयाँ नेतृत्व देशमा आउनुपर्छ। (राससबाट)

# छठ पर्वको वैज्ञानिक महत्व



**कौशल गोपालवंशी**

छठ पूजाको महत्व (Importance of Chhath)
छठ पर्व, जसलाई छठ पूजा, छठ, छठी, दला छठ, सूर्य षष्ठी, आदि पनि भनिन्छ सूर्य भगवान (सूर्य भगवान) लाई समर्पित चाड हो। नेपाल लगायत उत्तरी भारतमा मुख्य रूपमा मनाइने यो पर्व चण्डीगढ, छत्तीसगढ, गुजरात, मुम्बई, दिल्ली, र मौरिससका मानिसहरूले पनि मनाउन थालेको छ।
यो पर्व सूर्य (सूर्य भगवान) भगवानको लागि समर्पित छ, जसलाई मानिसहरूले पृथ्वीमा जीवनलाई कायम राख्छन् भन्ने विश्वास गर्छन्। सूर्यबाट दीर्घायु, स्वस्थ र जीवनभर समृद्धि प्राप्त होस् भनी आशिर्वाद लिन पनि पूजा गरिन्छ । अक्टोबर र नोभेम्बर महिनाको बीचमा यो पर्व मनाइन्छ। छठको शाब्दिक अर्थ "छ" हो र यो



पर्व गोवर्धन पूजा पछि सुरु हुन्छ, सातौं दिन (सप्तमी- परण / पर्ण दिवस) मा समाप्त हुन्छ।
हिन्दू धर्मावलम्बीहरुको विश्वास छ कि प्रारम्भिक सूर्यको किरणले धेरै रोग निको पार्ने र निको पार्ने ठूलो स्रोत पनि हो। यहाँ छठ पूजाको महत्वको संक्षिप्त परिचय दिइएको छ ।

छठको योग दर्शन (Yogic Philosophy)
योग दर्शनको अनुसार, सबै जीवित प्राणीहरूको भौतिक वा बाह्य रूपहरू उच्च उन्नत ऊर्जा च्यानलहरू हुन्। सौर्य जैव-विद्युत कुनै खास तरंग लम्बाइको (special wave length solar energy) सौर्य विकिरणको सम्पर्कमा आएपछि मानव शरीरमा जान थाल्छ। विशिष्ट शारीरिक र मानसिक अवस्थाहरूमा, सोलार-जैव-विद्युतको अवशोषण र प्रवाह उच्च हुन्छ।
पुरातन समयमा ऋषिहरूले कुनै प्रकारको ठोस वा तरल आहार नलिई हामी छठ पूजामा प्रयोग गर्ने प्रक्रियाको प्रयोग गर्दै आएका थिए। सोही प्रकारको प्रक्रियाको मद्दतले उनीहरूले खाना र पानीको सट्टा सिधै सूर्यबाट जीवनका लागि आवश्यक ऊर्जा सोस्न सक्षम हुन्थे ।
रेटिना एक प्रकारको फोटोइलेक्ट्रिक पदार्थ हो जसले प्रकाशमा राख्दा थोरै ऊर्जा उत्सर्जन गर्दछ। त्यसैले रेटिनाबाट धेरै राम्रो उर्जा सर्न थाल्छ। यो फोटो-जैव-विद्युत रेटिनाबाट पिनियल ग्रन्थिमा सारिन्छ, अप्टिक स्नायुहरूद्वारा रेटिनालाई पिनियल ग्रन्थीहरूसँग जोड्ने गरिन्छ जसले यसलाई सक्रिय गर्दछ।
हाइपोथ्यालेमस र पिट्युटरी ग्रन्थीहरू सहितको पाइनल ग्रन्थी- त्रिवेणी नामक ग्रन्थी यिनीहरूको नजिकै हुन्छ, जसले गर्दा यस प्रक्रियामा उत्पन्न हुने ऊर्जाले यी ग्रंथहरूलाई पनि असर गर्न थाल्छ। फलस्वरूप, प्राणिक गतिविधि नियमित हुन जान्छ, भक्त (व्रत) को शान्त मन एक स्वस्थ शरीर प्रदान गर्दछ
छठका चरणहरू (सचेत फोटोएनर्जीकरण प्रक्रिया)

*बाँकी पृष्ठ ५ मा*

# मधेशमा...

